कर्णाली प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि विकास कार्यालय,मुगु


प.सं. २०७७/०७८

मिति:२०७८/०१/१४

## जनयुद्द, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाइते, अपाङ्ग, शहिद तथा वेपत्ता परिवारका सदस्यका लागि आयआर्जन वृदि कार्यक्रम संचालनका लागि प्रस्ताव आव्हानको सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मिति २०७८/०१/१४)

यस कृषि विकास कार्यालय मुगुको आ.व.२०७७/७८ को बार्षिक स्वीकृत कार्यक्रमहरु अनुसार जनयुद्द, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाइते, अपाङ्ग, शहिद तथा वेपत्ता परिवारका सदस्यका लागि आयआर्जन वृदि कार्यक्रम रहेको हुदाँ यस मुगु जिल्लाको ४ वटा स्थानिय तहमा रहनुभएका जनयुद्द, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाइते, अपाङ्ग, शहिद तथा वेपत्ता परिवारका सदस्यहरुबाट सम्बन्धित पालिकामा दर्ता भएका आधिकारिक कृषक समुहलाई बिउ पूँजी उपलब्ध गराउन प्रस्ताव आव्हानको लागि यो सूचना प्रकाशन गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० दिन (मिति २०७८/०२/१२ गते) भित्र यस कृषि विकास कार्यालय, मुगुमा तपशिल बमोजिमका न्यूनतम मापदण्ड पुरा गरी आवश्यक कागजातहरु संलग्न राखी आवेदन सहित प्रस्ताव आव्हान गरिएको छ । यस सम्बन्धि थप जानकारीका लागि यस कार्यालयको टेलिफोन न ०८७-४६००८६ सम्पर्क तथा website:adomugu.gov.np मा हेर्न सकिने छ ।

कमल बहादुर सुनार
कार्यालय प्रमुख

तपशिल:

| आवश्यक कागजातहरु | न्यूनतम मापदण्डहरु |
|---|---|
| १. बिउ पूँजी माग गरिएको अनुसूची-१ अनुसारको निवेदन,<br>२. समुह दर्ता प्रमाण पत्र र स्वीकृत विधानको प्रतिलिपि,<br>३. बिउ पूँजी माग गर्ने समूहका पदाधिकारीको निर्णय,<br>४. समूहको कोष परिचालनको स्वीकृत निर्देशिका/विस्तृत योजना,<br>५. माग गरिएको बिउ पूँजीको दश प्रतिशत (१०%)ले हुन आउने रकम समूहको खातामा जम्मा भएको बैक भौचर/बैक स्टेटमेन्ट,<br>६. बीउ पूँजी भूक्तानीको लागि सम्बन्धित नगरपालिका वा गाउँ पालिका वा सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्यको सिफारिस,<br>७. अनुसूची-२ अनुसारको प्रतिबद्दता पत्र । | १. प्रत्येक नगरपालिका वा गाउँपालिकामा जनयुद्द, जनआन्दोलन तथा प्रदेश स्थापना आन्दोलनका घाइते, अपाङ्ग, शहिद तथा वेपत्ता परिवारका सदस्यहरुबाट सबैलाइ समेट्ने गरी एउटा मात्रै समूह बनाउनु पर्ने,<br>२. घाइते, अपाङ्ग, वेपत्ता शहिद परिवार सदस्यहरुको लक्षित वर्गको पहिचान खुल्ने प्रमाण पत्र वा प्रमाणपत्र नभएको खण्डमा सम्बन्धित नगरपालिका वा गाउपालिका वा वडाको सिफारिस वा सम्बन्धित जिल्लाका प्रदेश सभा सदस्यको सिफारिस,<br>३. सिफारिस गर्दा सम्बन्धित व्यक्तिको दायाँ/बायाँ औंलाको सहिछाप, दस्तखत र सम्पर्क नम्बर सहितको एकमुस्ट एकमुस्ट विवरण समेत पेश गर्नु पर्नेछ , |